दुल्लू नगरपालिका

# नगर कार्यपालिको कार्यालय

दुल्लू, दैलेख

कर्णाली प्रदेश नेपाल

पत्र संख्या: २०८३/०८४

मिति: २०८३/०५/१५ गते

च.न. :

नेपाल सम्वत: ११४६ गुंलागा तृतीया, सोमबार

**विषय : नि: शुल्क सीपमुलक तालिम सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस नगरपालिकामा मिति २०८३/०५/०३ गतेको प्राप्त पत्रानुसार पोखरा भ्याली टेक्निकल ट्रेनिङ्ग इन्स्टिच्युट प्रा.लि. को चालु आ.व. २०८३।०८४ को लागि विभिन्न समुहमा नि:शुल्क तालिम संचालन गर्ने भएकाले यस नगरपालिका भित्रका वैदेशिक रोजगारीमा जान चाहने तथा स्वदेशमा नै रोजगारी र उघमी बन्न इच्छुक बेरोजगार युवाहरुलाई तपशिलका तालिमहरु लिन चाहानेहरुका लागि यो सूचना प्रकाशन गरिएको मिति देखि २०८३/६/३० गते सम्म यस नगरपालिकाको उद्योग विकास शाखामा तपशिलमा उल्लेखित आवश्यक कागजात सहित नि: शुल्क सीपमुलक तालिमको लागि सूचना प्रकाशन गरिएको व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराइन्छ ।

**तपशिल:**

**नि: शुल्क सीपमुलक तालिम खाना तथा बस्नसहित**

| क्र.श. | तालिमको विषय | अवधि | सहभागी उमेर | शैक्षिक योग्यता | कोटा/सिट |
|---|---|---|---|---|---|
| १ | सिकर्मी र सटरिङ्ग | ४ महिना | १७-४० वर्ष | साधारण लेखपढ | १० जना |
| २ | डकर्मी प्लम्वर र स्टिल फिक्सार | ४ महिना | १७-४० वर्ष | साधारण लेखपढ | १० जना |
| ३ | इलेक्ट्रोनिक तथा मोबाइल मर्मत | ४ महिना | १७-२७ वर्ष | ८ कक्षा उत्तिर्ण | २ जना |
| ४ | बेसिक र एडभान्स इलेक्ट्रिकल | ६ महिना | १७-२७ वर्ष | ८ कक्षा उत्तिर्ण | २ जना |

- **तालिमका सुविधाहरु**
  १. तालिम पूर्ण रुपमा नि:शुल्क।
  २. खाना तथा बस्नका लागि व्यवस्था ।
  ३. प्रत्येक महिना रु. १०००। निर्वाह भत्ताको व्यवस्था ।
  ४. आउने र जाने बसभाडा (एक पटक)को व्यवस्था ।

पदम बहादुर बुढा (क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत

- आवश्यक कागजातहरु

  १. नेपाली नागरिकताको फोटोकपी १ प्रति

  २. पासपोर्ट साइजको फोटो २ प्रति

  ३. शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि १ प्रति

  ४. अभिभावक मन्जुरीनामा र सम्झौता पत्र १ प्रति

  ५. धरौटी रकम तालिम सकिए पछि फिर्ता हुने गरी रु.५०००। मात्र

- तालिम संचालन मिति २०८३/०७/२९ गते देखि

  द्रष्टव्यः तालिम सफलतापूर्वक पुरा भइसकेपछि सहभागीहरुलाई स्वदेशमा रोजगार/स्वरोजगार तथा वैदेशिक रोजगारीका लागि सहजिकरण गर्नुका साथै प्रशिक्षार्थीलाई रोजगारीमा जोडिने व्यवस्थाका लागि विभिन्न रोजगारदाताहरुसँग MOU गरिएको छ ।

..........................

पदम बहादुर बुढा (क्षेत्री )

प्रमुख प्रशासकीय अधिकृत

पदम बहादुर बुढा (क्षेत्री)

प्रमुख प्रशासकीय अधिकृत